"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"
# पाँचखाल नगरपालिका
# Panchkhal Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
(Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल
(Bagamati Province, Nepal)

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प. सं. (*Ref. No.*):- २०८१/०८२
च. सं. (*Dispatch No.*):-

उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन दुध संकलन केन्द्र,समूह तथा दुग्ध सहकारी संस्थाहरुलाई सूचीकृतहुने सम्बन्धी सूचना !

**दोस्रो पटक प्रकाशित मिति: २०८१/११/१९**

आ.व २०८१/८२ मा बागमती प्रदेश सरकारबाट पाँचखाल नगरपालिकामा प्राप्त उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत स्थानिय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८१ तथा पाँचखाल नगरकार्यपालिकाको मिति २०८१/०९/२८ गतेको निर्णय बमोजिम यस कार्यक्रमको लागी पाँचखाल नगरपालिका भित्रका कृषकहरुसँग दुध संकलन गर्ने **दुध संकलन केन्द्र, समूह, सहकारी संस्था** मार्फत दुध उत्पादनमा प्रोत्साहन अनुदान प्रदान गरिने भएकोले उक्त कार्यक्रम अन्तर्गत यस आर्थिक बर्षमा पाँचखाल नगरपालिका भित्रका दुध किसानहरुबाट खरिद गरी बिक्री गरिरहेका दुध संकलन केन्द्र, समूह, सहकारी संस्थाहरुलाई **अनिवार्य** रुपमा सूचिकृत हुन लागि यो सूचना प्रकाशित गरिएको छ । दुग्ध संकलकल संस्थाले यो सूचना प्रकाशन भएको मितिले ७ दिन(२०८१/११/२५) भित्र यस पाँचखाल नगरपालिकाको पशु सेवा शाखामा तपसिल बमोजिमका कागजातहरु सहित आवेदन पेश गर्नुहुन अनुरोध छ। पाँचखाल नगरकार्यपालिकाको मिति २०८१/08/१९ गतेको निर्णय बमोजिम उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान प्रति लिटर रु १ रहेको छ। विस्तृत जानकारीको लागि पाँचखाल नगरपालिकाको पशु सेवा शाखा मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

तपसिल

- निवेदन ।
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- प्यान दर्ता तथा करचुक्ताको प्रमाणपत्र ।
- दुग्ध सहकारीको हकमा अघिल्लो आर्थिक वर्ष २०८०/८१ को लेखा परिक्षण प्रतिवेदन तथा करचुक्ता प्रतिलिपि।
- वार्षिक साधारण सभाको प्रमाणको प्रतिलिपि
- दुग्ध संकलन समुह/दुग्ध सहकारीको कार्यक्रम संचालन सम्बन्धी निर्णयको प्रतिलिपि।
- वडा कार्यालयको सिफारिस ।

..................
अच्युत राज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

ईमेल: Email: panchkhal.municipality@gmail.com | info@panchkhalmun.gov.np | वेबसाईट/Website:http//panchkhalmun.gov.np